**सर्वोच्च अदालत, संयुक्त इजलाश**
**माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाह**
**माननीय न्यायाधीश श्री प्रकाश वस्ती**

**आदेश**

**सम्वत् २०६८ सालको रिट नं.-१०९४**

**मुद्दाः उत्प्रेषण**

सुशील प्याकुरेल समेत -------------------------------------------------१ **रिट निवेदक**

**विरुद्ध**

सम्माननीय प्रधानमन्त्री झलनाथ खनाल समेत ---------------------------१ **विपक्षी**

**विषय : अन्तरिम आदेश सम्बन्धमा ।**

यसमा अन्तरिम आदेश जारी गर्ने वा नगर्ने विषयमा छलफलको निमित मिति २०६८।२।३१ को तारेख तोकी पेश भएको प्रस्तुत रिट निवेदनमा मिति २०६८।२।३१, २०६८।३।१, २०६८।३।२, २०६८।३।३ गते र २०६८।३।६ गतेका दिन सुनुवाई भई निवेदकका तर्फबाट विद्वान वरिष्ठ अधिवक्ताहरू श्री लक्ष्मीबहादुर निराला, श्री हरिहर दाहाल, र अधिवक्ताहरू श्री सतीशकृष्ण खरेल, श्री हरिकृष्ण कार्की, श्री दिनेश त्रिपाठी, श्री टीकाराम भट्टराई, श्री गोविन्द शर्मा "बन्दी" श्री हरि फुयाल, श्री रुद्र शर्माको तथा विपक्ष प्रधानमन्त्री, गृह मन्त्री, सूचना तथा सञ्चार मन्त्री, जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक समेतको तर्फबाट प्रतिरक्षार्थ उपस्थित विद्वान महान्यायाधिवक्ता श्री युवराज संग्रौला, नायब महान्यायाधिवक्ताहरू श्री पुष्पराज कोइराला, श्री प्रेमराज कार्की, सहन्यायाधिवक्ता श्री युवराज सुवेदी र उपन्यायाधिवक्ता श्री धर्मराज पौडेलको तथा प्रत्यर्थी श्री अग्नि सापकोटाको तर्फबाट वरिष्ठ अधिवक्ताहरू श्री कृष्णप्रसाद भण्डारी, श्री श्यामप्रसाद खरेल, श्री सुशीलकुमार पन्त, श्री रामनाथ मैनाली र अधिवक्ताहरू श्री लव मैनाली, श्री बालकृष्ण नेउपाने, श्री जयकुमार गोइत, श्री सविता बराल, श्री चण्डेश्वर श्रेष्ठ, श्री कृष्ण सापकोटा, श्री मो.शेख अब्बास, श्री मुक्ति प्रधान, श्री गोपाल शिवाकोटी "चिन्तन", श्री रमनकुमार श्रेष्ठ, श्री रामनारायण विडारी, श्री बिमलप्रसाद ढकाल, श्री दीनमणि पोखरेल, श्री श्रीकृष्ण सुवेदी, श्री बालकृष्ण देवकोटा र श्री रविन सुवेदीले गर्नु भएको बहस समेत सुनियो ।

यसमा जाहेरवाला पूर्णिमाया लामाले आफ्ना पति अर्जुन लामालाई मिति २०६२।१।१६ देखि बेपत्ता बनाई २०६२ साल असारको दोस्रो हप्तामा हत्या गरेको भनी प्रत्यर्थी अग्नि सापकोटासमेत विरुद्ध मिति २०६४।३।२१ मा दिएको जाहेरी दर्खास्त प्रत्यर्थी जिल्ला प्रहरी

कार्यालय काभ्रेपलाञ्चोकले दर्ता नगरी मिति २०६४।३।२४ को पत्रद्वारा दरपीठ भएको भनी जानकारी दिएको र सो दरपीठविरुद्ध निज पूर्णिमायाले दिएको रिट निवेदनमा सर्वोच्च अदालतबाट मिति २०६४।११।२७ मा "जाहेरी दर्खास्त दर्ता गरी कानूनबमोजिम अरु कारवाही गर्नू" समेत भनी परमादेश समेत जारी भई जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकले मिति २०६५।४।२७ मा निजको जाहेरी दर्खास्त दर्ता गरे पनि प्रभावकारी ढंगमा अनुसन्धान तहकिकात गर्न सकेको छैन । निज पूर्णिमाया लामाको जाहेरी दर्खास्तमा प्रत्यर्थीमध्येका अग्नि सापकोटाले आपराधिक कार्य गरी राष्ट्रिय कानून र मानव अधिकारको समेत उल्लघंन गरेको भन्ने उल्लेख गरेको र निजउपर सो गैरन्यायिक हत्याको आपराधिक कार्य सम्बन्धमा प्रहरीद्वारा कारवाही जारी रहेको र पक्राउ पूर्जी समेत जारी भएको अवस्थामा गैरन्यायिक हत्या गरेको भनी मानव अधिकारको गम्भीर उल्लंघनको आरोप लागेका प्रत्यर्थी अग्नि सापकोटालाई प्रत्यर्थी प्रधान मन्त्रीद्वारा देशको सूचना तथा सञ्चार मन्त्री जस्तो पदमा नियुक्त गरिएबाट अन्तर्राष्ट्रिय कानून प्रतिकूल मन्त्री पदको शपथ तथा पदभार ग्रहण गरे पश्चात् निजबाट भए गरेका कार्य बदर गरी उक्त मुद्दाको अनुसन्धानमा प्रमाण लोप गर्ने, पदीय दुरुपयोग गरी कर्मचारीउपर अनुचित प्रभाव पार्ने, आफू अनुकूल निर्णय गराउन सक्ने र पीडितले न्याय पाउने हकबाट बञ्चित हुनुपर्ने संभावना भएकोले यो विवादको टुङ्गो नलागेसम्म मन्त्रीका हैसियतले कुनै काम नगर्नु नगराउनु समेत भनी अन्तरिम आदेशसहितको उत्प्रेषणको आदेश जारी गरी पाऊ भनी मानव अधिकारको संरक्षण र सम्बर्द्धनको क्षेत्रमा सक्रिय भूमिका निर्वाह गर्दै आएका निवेदकहरूबाट प्रस्तुत रिट निवेदन दायर भएको देखिन्छ ।

प्रस्तुत निवेदनमा दुबैतर्फका विद्वान कानून व्यवसायीहरूले प्रस्तुत गर्नु भएको विद्वत्तापूर्ण बहसपश्चात् यस इजलासले अन्तरिम आदेश जारी गर्ने वा नगर्ने भन्ने प्रश्नमा सर्वप्रथम निम्न कुराहरूमा विचार गर्नु परेको छ :-

(१) प्रत्यर्थी अग्नि सापकोटाउपर परेको जाहेरी के कस्तो अवस्थामा गरिएको कुन र कस्तो कार्य वा अपराधसंग सम्बन्धित हो र उक्त जाहेरी दर्ता भएपश्चात् प्रहरीद्वारा भएको अनुसन्धान तहकिकातको अवस्था कस्तो छ ?

(२) कुनै अपराधको आरोप लागेको र प्रहरीद्वारा खोजी भइरहेको व्यक्ति मन्त्री जस्तो सार्वजनिक पदमा नियुक्त भएमा अनुसन्धान प्रभावित हुन सक्ने हो होइन र यस्तो अवस्थामा अधिकारप्राप्त प्रहरी तथा प्रत्यर्थीको दायित्व के कस्तो हुन्छ ?

(३) प्रत्यर्थीका कानून व्यवसायीहरूको बहस जिकीरबमोजिम जनयुद्ध कालमा भए गरेको कार्य मानव अधिकार उल्लंघन मानिने हो होइन तथा ती कार्य विस्तृत शान्ति सम्झौताबमोजिम सत्य निरुपण तथा मेलमिलाप आयोगको वा प्रचलित न्याय प्रणालीको कार्यक्षेत्रअन्तर्गत कारवाही हुने विषय हो ?

(४) अर्जुन लामाको हत्यामा संलग्न भएको भनी जाहेरीमा नाम समावेश भएको व्यक्ति मन्त्री पदमा नियुक्त हुन नेपालको राष्ट्रिय कानून र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महान्धिको प्रतिकूल हुने भनी मागबमोजिम अन्तरिम आदेश जारी हुने हो होइन ?

सर्वप्रथम के कस्तो अवस्थामा गरिएको कुन र कस्तो कार्य वा अपराधका सम्बन्धमा प्रत्यर्थी अग्नि सापकोटा समेत उपर जाहेरी परेको हो र अनुसन्धान तहकिकातको अवस्था कस्तो रहेको छ भन्ने सम्बन्धमा हेर्दा जाहेरवाला पूर्णिमाया लामाले आफ्नो पति अर्जुन लामालाई माओवादीका कार्यकर्ताहरूले २०६२।१।२१ का दिन अपहरण गरी लगेको र प्रत्यर्थी अग्नि सापकोटाको निर्देशनमा २०६२ आषाढको दोस्रो हप्तातिर हत्या गरिएकोले निजहरूउपर कानूनबमोजिम कारवाही गरी पाऊँ भनी जाहेरी दर्खास्तमा उल्लेख गरेको र उक्त जाहेरी दर्ता गर्न प्रहरीले इन्कार गरेकोले यस अदालतबाट परमादेश जारी भएपश्चात् मिति २०६५।४।२७ मा उक्त जाहेरी दर्ता भएको देखिन्छ । निज अर्जुन लामाको अपहरण २०६२ बैशाखमा भएको र आषाढमा निजको हत्या गरिएको भन्ने देखिँदा सो समय नेकपा माओवादीद्वारा सञ्चालित जनयुद्धको काल रहेको देखिएको, तर निज अर्जुन लामा युद्धमा राज्यद्वारा संलग्न गराइएको सशस्त्र व्यक्ति नभई शिक्षक पेशासँग सम्बन्धित व्यक्ति भएको र निशस्त्र अवस्थामा निजको हत्या गरिएकोले गैरन्यायिक हत्या भएको भन्ने निवेदकहरूको कथन रहेको छ । आफ्नो पतिको त्यसरी हत्या गरिएको सम्बन्धमा प्रचलित कानून ज्यान सम्बन्धीको महलबमोजिम अग्नि सापकोटासमेत उपर कारवाही गरी पाऊँ भनी पूर्णिमायाको जाहेरी दर्खास्तमा उल्लेख भएको देखिन्छ । प्रत्यर्थी जिल्ला प्रहरी कार्यालयबाट झिकाइएको पूर्णिमाया लामाको जाहेरी परेको कर्तव्य ज्यान मुद्दाको मिसिल अध्ययन गर्दा प्रतिवादीहरूलाई खोजतलास गरी पक्राउ गरी दाखिल गर्नु भनी जिल्ला प्रहरी कार्यालयले आफ्नो मातहतका प्रहरी कार्यालयलाई सञ्चार सम्प्रेषण गरेको र फेला नपरेको भनी सो कार्यालयको जवाफ, जाहेरवालालाई रोहबरमा नराखी भएका केही अन्य मुचुल्का र केही प्रहरी सञ्चारका साथै अग्नि सापकोटाको वतन खुलाई दिएको कागज बाहेक खासै अनुसन्धान तहकिकात भएको पाइएन । जाहेरी दर्ता भएपछि सो जाहेरी दर्खास्तमा नाम समाविष्ट भएका प्रत्यर्थी अग्नि सापकोटा समेतका ६ जना प्रतिवादीहरूको वतन यकीन गर्न र खोजतलास गर्नमा नै हालसम्मको लगभग ३ वर्षको समय लागेको र उक्त अनुसन्धानको सार्थक परिणाम नदेखिएको र सो कार्य निष्कर्ष रहित रहेको पाइयो ।

आफूसमक्ष परेको जाहेरी दर्खास्त सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ र सरकारी मुद्दा सम्बन्धी नियमावली , २०५५ को परिधिमा रही कसैको दबाब वा अनुचित प्रभावमा नपरी कानूनबमोजिम राज्य शक्तिको प्रयोग गरी निष्पक्ष भई अनुसन्धान गर्नु प्रहरी कर्मचारी र सम्बद्ध अधिकारीको कर्तव्य हुन्छ । अपराधको अनुसन्धानमा अनावश्यक र अनुचित बिलम्बले कानूनको शासनको उद्देश्य अर्थहीन हुन्छ भने दण्डहीनताले त्यक्तिकै प्रश्रय पाउने हुन्छ । कानूनको

शासनको परिपालना प्रत्येक लोकतान्त्रिक राज्यको अभीष्ट हो भने दण्डहीनता र अराजकता कानूनको शासनका लागि प्रत्युत्पादक अवस्था हुन ।

तसर्थ कानूनको शासन स्थापित गर्न आवश्यक पर्ने अन्तरवस्तुको परिपालन गर्नु गराउनु सरकार तथा प्रहरीलगायत यसका समस्त अवयवहरूको प्रमुख दायित्व भएको परिप्रेक्ष्यमा अदालतको परमादेशबाट दर्ता भएको जाहेरी दर्खास्त बमोजिम अपराध अनुसन्धानमा जानी जानी वा नजानी गरिएको अनुचित विलम्बले प्रहरीको कार्यसम्पादनको स्तर, दक्षता र निष्पक्षताको सूचकको रुपमा मान्नु पर्ने हुन्छ । उक्त मुद्दामा हालसम्म भएका अनुसन्धान तहकिकात निराशाजनक रहेको तथ्यमा विवाद गर्ने ठाउँ छैन ।

अब कुनै अपराधको आरोप लागेको र प्रहरीद्वारा खोजी भइरहेको व्यक्ति मन्त्री जस्तो सार्वजनिक पदमा नियुक्त भएमा अनुसन्धान प्रभावित हुन सक्ने हो होइन र यस्तो अवस्थामा अधिकारप्राप्त प्रहरी र स्वयं प्रत्यर्थीको दायित्व के हुने भन्ने दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा यी प्रत्यर्थी अग्नि सापकोटा समेतका ६ जना उपर २०६२ साल बैशाख र अषाढ महिनामा भएको वारदातको सम्बन्धमा ज्यान मुद्दाको अभियोग लगाई मिति २०६५।४।२७ मा जाहेरी दर्ता भएको देखिन्छ । जाहेरी दर्खास्त दर्ता भएपछि निजहरूलाई खोजतलास गरी उपस्थित गराउनु भनी जिल्ला प्रहरी कार्यालयबाट प्रहरी सञ्चार मार्फत अन्य प्रहरी कार्यालयसंग सूचना आदान प्रदान भएको सम्बन्धित मिसिलबाट देखिएको छ । यसबाट निज प्रत्यर्थीलाई ज्यान मुद्दाको सिलसिलामा प्रहरीबाट खोजतलास भइरहेको भन्ने देखिन्छ । अनुसन्धानको क्रममा कानूनद्वारा अधिकारप्राप्त प्रहरी कर्मचारी र अनुसन्धान अधिकारीको अधिकार प्रहरी ऐन, २०१२ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ तथा अन्य सम्बद्ध कानूनले निर्देशित गरेको छ । आफ्नो अधिकारक्षेत्र भित्र भएको कुनै अपराधिक कार्यका सम्बन्धमा दर्ता भएको जाहेरी दर्खास्तबमोजिम अनुसन्धान तहकिकात गर्न प्रतिवादीहरूको बयान गराउने, प्रमाण संकलन गर्ने, सो अनुसन्धानबाट अपराध भए नभएको यकीन गर्ने, सो कार्यमा प्रतिवादीहरूको संलग्नता रहे नरहेको निर्क्यौल गर्ने तथा निजहरू उपर मुद्दा चल्न सक्ने वा नसक्ने समेतका सम्बन्धमा प्रचलित कानूनबमोजिम निर्णय गरी मुद्दा चल्ने देखिएमा अभियोगपत्र दायर गर्ने समेतका काम कर्तव्य जिल्ला प्रहरी कार्यालय र सरकारका सम्बद्ध निकायको रहेको छ ।

त्यस्तै, कुनै फौजदारी मुद्दाको अभियोग लागेको कुनै माध्यम वा तरीकाबाट थाहा भएमा अनुसन्धान कार्यमा प्रहरी र अनुसन्धान अधिकारीलाई सहयोग गर्नु प्रत्येक सभ्य नागरिकको कर्तव्य हुन्छ । त्यसमा पनि आफूउपर लागेको आरोपका सम्बन्धमा प्रतिरक्षा गर्न पाउनु र अभियोगबाट सफाई लिनु संविधान, प्रचलित कानून एवं न्यायका मान्य सिद्धान्त नै रहेको छन् । यी प्रत्यर्थी अग्नि सापकोटालाई आफूउपर यस्तो अभियोग लगाई जाहेरी परेको र प्रहरीद्वारा आफ्नो खोजी भइरहेको छ भन्ने तथ्यको पूरा जानकारी रहेको भन्ने निजले सञ्चार माध्यमबाट दिएको बक्तव्य र अन्तर्वार्ताको उक्त ज्यान मुद्दाको मिसिलमा संलग्न रहेका पत्रपत्रिकाको अंशबाट देखिन आउँछ । यस्तो अवस्थामा निज स्वयं पनि प्रहरी समक्ष उपस्थित भई

अनुसन्धान कार्यलाई सहज तुल्याउन नसकिने होइन । निज प्रत्यर्थी अग्नि सापकोटा मिति २०६८।१।२१ मा मन्त्री पदमा नियुक्त भएको अवस्थामा राज्यको कानून, कानूनी व्यवस्था र राज्य सञ्चालनका अंग र खासगरी अपराध अनुसन्धान कार्यमा सहयोगीको भूमिका प्रदर्शन गर्नु निजको नैतिक र कानूनी दायित्व हुन जान्छ । खासगरी सार्वजनिक पद धारण गर्ने गरी मन्त्री पदमा नियुक्ति भएपश्चात् नेपालको अन्तरिम संविधान र प्रचलित कानूनको परिपालन गर्ने प्रतिबद्धता व्यक्त गरी शपथ ग्रहण गरिसकेको अवस्थामा निजले संविधानको प्रस्तावनामा उल्लिखित कानूनको शासन, मानव अधिकारको संरक्षण र सम्बर्द्धन प्रति नै प्रतिबद्धता व्यक्त गरेको हुनाले अपराध अनुसन्धान र तहकिकातको सिलसिलामा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ तथा अन्य सम्बद्ध कानूनबमोजिम प्रहरीलाई सहयोग गर्नु निजको थप कर्तव्य र दायित्व हुन जान्छ । संविधान र कानूनको शासनप्रति प्रतिबद्धता व्यक्त गरी मन्त्री पदको शपथ लिएको व्यक्तिबाट आफूउपर कुनै फौजदारी मुद्दाको आरोप लागेको भनी जानकारी पाएको अवस्थामा कानूनको प्रतिकूल हुने गरी तथा आफ्नो शपथको अनादर गरी अनुसन्धानको कार्य निजबाट कुनै किसिमबाट प्रभावित हुन सक्छ भनी सोच्न पनि गाह्रो हुन्छ । त्यस्तै निज मन्त्री पदमा नियुक्ति हुनु पूर्व निज फेला नपरेको भनी प्रहरी सञ्चार रहेको भन्ने उक्त मिसिलबाट देखिए पनि हाल निजलाई सम्पर्क गरी अनुसन्धान कार्य सम्पन्न गर्न प्रहरीलाई पनि सजिलो भएको परिप्रेक्ष्यमा कुनै दबाब वा प्रभाव महसूस नगरी निष्पक्षतापूर्वक तहकिकात गर्ने कार्य गर्नु प्रहरीको कर्तव्य र दायित्व हुन्छ । यस्तो दायित्व र कर्तव्यको निर्वहनमा कानूनविपरीत कसैले व्यवधान उत्पन्न गर्न सक्छ भन्ने कुरा सोच्न सम्भव हुँदैन । **कुनै सार्वजनिक पदमा नियुक्त भएको व्यक्तिको अधिकार मात्र सिर्जना हुने नभई कर्तव्य र दायित्व पनि निजमा प्रतिस्थापन हुन्छ भन्ने मान्यता रहेको छ ।**

जनयुद्धकालमा भए गरेको कार्यहरू मानव अधिकार उल्लंघन मानिने हो होइन तथा सो कार्यहरू विस्तृत शान्ति सम्झौता बमोजिम सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यक्षेत्र वा प्रचलित न्याय प्रणालीको कार्यक्षेत्र अर्न्तगत कारवाही हुने विषय हो भन्ने तेस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा निवेदकहरूले आपराधिक कार्य गरी मानव अधिकारको उल्लंघन गर्ने व्यक्ति सार्वजनिक पद धारण गर्न अयोग्य हुने भनी विभिन्न अन्तर्राष्ट्रिय महासन्धि, दस्तावेज र अन्तर्राष्ट्रिय कानूनका प्रचलित मापदण्ड रहेको भनी निज अग्नि सापकोटालाई मन्त्री पदको कार्य सञ्चालन गर्न रोक लगाई पाऊँ भनी यस अदालतसमक्ष प्रस्तुत रिट लिई आएको अवस्था छ । मानव अधिकारको सर्वोपरिताको संरक्षण गर्नु सर्वोच्च अदालतलगायत राज्यको हरेक निकायको परम कर्तव्य हो । खासगरी मुलुकमा मानव अधिकारको सम्वर्द्धन र संरक्षण गर्ने, कानूनको शासनको सर्वोच्चता कायम गराउने समेतका संवैधानिक जिम्मेवारी पाएको सर्वोच्च अदालत यस कर्तव्य पालनको निमित्त कहिल्यै पनि अन्यमनस्क रहन सक्दैन । हाम्रा राष्ट्रिय कानून मानव अधिकारको संरक्षण र कानूनको सर्वोच्चताका दिशामा लक्षित छन् भने मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ तथा नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी

संयुक्त राष्ट्रसंघीय अनुबन्ध, १९६६ (ICCPR) समेतको नेपाल हस्ताक्षरी भएकोले उक्त घोषणापत्र अनुबन्ध र अन्य महासन्धि समेतको परिपालन गर्न गराउन अदालत कानूनन् बाध्य छ।

त्यस्तै, कानूनको शासनको मर्यादा राखी तदनुरुप आचरण प्रदर्शित गर्नु प्रत्येक नागरिकको कर्तव्य हो। यो कर्तव्यलाई राष्ट्रिय तथा सामाजिक जीवनमा परिचित नागरिकहरूले अझ बढी जिम्मेवारीका साथ बहन गर्नुपर्ने हुन्छ। योभन्दा पनि बढी शपथ ग्रहण गरी सार्वजनिक जिम्मेवारी वहन गर्ने व्यक्तिले यो शपथ मुलुक र समस्त मानव जातिप्रति प्रकट गरिएको प्रतिबद्धता भएको सम्झी संविधान र कानूनको परिपालन गर्न हरहमेशा कटिवद्ध रहनु पर्ने हुन्छ।

त्यस्तै मुलुकलाई द्वन्द्वबाट शान्तिपूर्ण अवस्थामा रुपान्तरित गर्न मिति २०६३।८।५ मा नेपाल सरकार र नेकपा माओवादीबीच सम्पन्न विस्तृत शान्ति सम्झौता भएको र सोलाई नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६६(३) र सोसँग सम्बन्धित अनुसूची ४ ले समाहित गरी संक्रमणकालीन न्याय प्रणालीको खाका कोरेको छ। यही संविधानको धारा ३३(ध) र विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ ले राज्यको दायित्वका रुपमा स्वीकारेको, **"उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग" आजसम्म गठन हुन नसक्नु दुःखद पक्ष हो।** यसका लागि आवश्यक पर्ने विधेयक व्यवस्थापिका-संसदमा प्रस्तुत भई अझै विचाराधीन अवस्था मै छ। यसरी **संक्रमणकालीन न्याय प्रणालीको प्रवन्ध गर्ने कुरा आजसम्म सरकार, संसद र राजनीतिक दलहरूको प्राथमिकतामा पर्न नसक्नु एउटा बिडम्बनाको स्थिति हो।**

तर, संक्रमणकालीन न्याय व्यवस्थाको प्रबन्ध भई नसकेको स्थितिमा सामान्य न्याय प्रणाली (Regular Justice System) ले आफ्नो गति लिन्छ। कारण, लोकतांत्रिक मुलुकमा कानून र न्याय प्रणाली कहिल्यै सुशुप्त हुँदैनन्, कानून कहिल्यै शून्य हुँदैन। कर्तव्य ज्यान मुद्दाको जाहेरी परेको अवस्थामा सामान्य न्याय प्रणालीलाई परिचालन गर्ने प्रचलित सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ र सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ समेत अनुसार अपराध अनुसन्धानको प्रक्रिया अगाडि बढाउनै पर्दछ। भविष्यमा संक्रमणकालीन न्याय प्रबन्ध (Transitional Justice system) को व्यवस्था भएको अवस्थामा प्रचलित कानूनबमोजिम अनुसन्धान भएका, भइरहेका र दायर रहेका मुद्दाहरू पनि सम्बन्धित कानूनले व्यवस्था गरेमा तोकिएबमोजिम क्षेत्राधिकार परिवर्तन हुन नसक्ने होइन।

यस अदालतले "पूर्णिमायाको जाहेरी दरखास्त दर्ता गरी कानूनबमोजिम अरु कारवाही गर्नू" भनी २०६४।११।२७ मा दिएको परमादेश नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११६(१) अनुसार निवेदक, प्रत्यर्थी र यस अदालत समेतले पालन गर्नु पर्दछ। कानूनको संरक्षणको दावी गर्ने व्यक्तिले पहिले आफूले कानूनसमक्ष समर्पण गर्नु पर्दछ। **कानून आफ्नो सुविधाका लागि उपयोग गर्ने र असुविधाको सम्भावना देखिएमा अनदेखी (Overlook) गरिने कुरा होइन। कानून सदैव सर्वोपरि रहन्छ र यसको सर्वोपरिता हरअवस्थामा हरेक व्यक्तिबाट**

**स्वीकार्नु पर्दछ ।** त्यसैले विस्तृत शान्ति सम्झौतामा व्यवस्था गरिएको संक्रमणकालीन न्याय व्यवस्थाको रुपमा सत्य निरुपण तथा मेलमिलाप आयोग गठन नभएसम्म हाल प्रचलित न्याय प्रणाली सक्रिय रहने कुरामा दुइमत हुन सक्दैन ।

अब हत्यामा संलग्न रहेको भनी जाहेरी दर्खास्तमा नाम समावेश भएका व्यक्ति मन्त्री जस्तो सार्वजनिक पद धारण गर्न नेपालको राष्ट्रिय कानून र मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि प्रतिकूल हुने भनी अन्तरिम आदेश जारी हुने हो होइन भन्ने अन्तिम प्रश्नतर्फ विचार गर्दा कुनै रिटको कारवाहीका सम्बन्धमा सो रिट निर्णय हुनुपूर्व **उचित र आवश्यक देखेमा** अदालतबाट अन्तरिम आदेश जारी गर्ने सर्वमान्य सिद्धान्त र मापदण्ड समेत रहिआएको छ । सोबमोजिम (१) कानूनको घोर उल्लंघन भएको भन्ने प्रथमदृष्टिमा नै देखिन आएमा वा (२) निवेदकलाई वा वृहत्तर जन समुदाय (People at large) लाई अपूरणीय क्षति हुने भएमा वा (३) सुविधा सन्तुलन (Balance of Convenience) को दृष्टिबाट निवेकदलाई बढी मर्का वा असुविधा पर्न जाने भएमा अन्तरिम आदेश जारी हुनसक्ने हुन्छ । सो बाहेक पनि न्यायको हितमा (In The Interest of Justice) र अन्यायबाट निवेदकलाई वा अन्य सर्वसाधारणलाई बचाउनु पर्ने आवश्यक देखेमा अन्तरिम आदेश जारी हुन नसक्ने होइन ।

प्रस्तुत उत्प्रेषणको रिटमा मन्त्री पदमा नियुक्त भएका प्रत्यर्थी अग्नि सापकोटा समेत उपर कर्तव्य ज्यान मुद्दाको जाहेरी परेको र निजउपर मानव अधिकारको गम्भीर उल्लंघन गरेको आरोप रहेको र यस्तो आरोप लागेको व्यक्ति मानव अधिकारको अन्तर्राष्ट्रिय महासन्धि र अन्य अन्तर्राष्ट्रिय कानून र प्रचलन बमोजिम सार्वजनिक पदमा नियुक्त हुन नसक्ने तथा निजले उक्त जाहेरी परेको मुद्दाको अुनसन्धानमा हस्तक्षेप गर्न सक्ने, प्रमाण लोप गर्न सक्ने तथा अनुसन्धानमा संलग्न कर्मचारीउपर अनुचित प्रभाव पार्ने र निर्णयलाई प्रभावित गर्न सक्ने सम्भावना भएको भन्ने समेत आधारमा अन्तरिम आदेश जारी गरी निजलाई मन्त्री पदको कामकाज गर्नबाट रोक्नु पर्ने भन्ने निवेदकहरूको मुख्य मांग रहेको छ ।

यी प्रत्यर्थी समेतउपर २०६२ सालको वारदातको सम्बन्धमा अदालतबाट परमादेश जारी भएबमोजिम २०६५।४।२७ मा जाहेरी दर्ता भएको तथ्यमा विवाद छैन । साथै निज प्रत्यर्थी अग्नि सापकोटा २०६८।१।२१ मा नेपालको मन्त्री पदमा नियुक्ति भएको पनि यथार्थ हो । २०६५।४।२७ मा जाहेरी दर्ता भएपश्चात् सो २०६८।१।२१ मा निज मन्त्री पदमा नियुक्त हुनुपूर्व पनि प्रहरीद्वारा उक्त जाहेरी दर्खास्तबमोजिम अपराधको अनुसन्धान तहकिकातमा कुनै तदारुखता र छरितोपन नदेखाई निष्क्रियता र उदासीनता प्रदर्शन गरेको मात्र सम्वन्धित मिसिलबाट देखिन्छ । राज्यले आफ्ना प्रत्येक नागरिकलाई राज्य र यसका अंगहरू मार्फत न्यायको अनूभूति दिलाउनु राज्य सञ्चालन व्यवस्थाको प्रमुख दायित्व हुन्छ । आरोप लागको व्यक्तिलाई नेपालको अन्तरिम संविधान र प्रचलित कानूनबमोजिम प्रतिरक्षा र स्वच्छ सुनवाईको हकको प्रत्याभूति गरेको छ भने कुनै घटनाबाट पीडित व्यक्तिलाई पनि समान रुपले न्याय प्रदान गर्नु र न्याय पाएको अनुभूति गराउनु राज्यको दायित्व रहेको हुन्छ । सोबमोजिम यी पीडित पूर्णिमाया लामाको

जाहेरीमा अनुसन्धान नगरी न्याय प्रदान गर्ने कार्यमा राज्यको संयन्त्र र पद्धतिले काम नगरेको देखिए पनि सो अनुसन्धान कार्यमा निज मन्त्री पदमा नियुक्त हुनुपूर्व र नियुक्ति पश्चात पनि यी प्रत्यर्थी अग्नि सापकोटाको प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नता वा अनचित प्रभाव रहेको भन्ने निश्चयात्मक तवरबाट यी निवेदकहरूले कुनै तथ्य प्रस्तुत सुनुवाईको क्रममा देखाउन सकेको पाइँदैन । सो कुरा ज्यान मुद्दाको उक्त मिसिलबाट पनि देखिँदैन । प्रत्यर्थीको उपस्थिति मात्रबाट अनुसन्धान अधिकारी वा प्रहरी स्वयंले कुनै कारणले अनावश्यक वा अनुचित दवाव महसूस गर्ने भएमा सो कार्यबाट प्रहरीको अयोग्यता देखिए पनि सो तथ्यले निजलाई मन्त्री पदको काम कर्त्तव्य गर्नबाट रोक्नु पर्ने भन्ने अन्तरिम आदेश जारी गर्ने आधार हुन्छ भन्न उपयुक्त हुँदैन ।

नेपालको राष्ट्रिय कानून (National laws) ले कसैउपर कुनै आरोप लगाई जाहेरी दरखास्त परेको अवस्थामा मात्र पनि सार्वजनिक पद धारण गर्न निज अयोग्य हुने वा कुनै पदमा नियुक्तिको लागि अयोग्य हुने भन्ने व्यवस्था गरेको देखिँदैन । जाहेरी दर्खास्त अपराधको सूचना मात्र हो र जाहेरी दर्खास्त मात्रको आधारमा कसैलाई अपराधी भन्न नमिल्ने भन्ने विधिशास्त्रीय मान्यतामा नेपालको न्याय प्रणाली विकसित भएको परिप्रेक्ष्यमा पनि प्रस्तुत विषयमा अन्तरिम आदेश जारी गर्न पर्ने वा नपर्ने भन्ने हेर्नुपर्ने हुन्छ । खासगरी मन्त्री पदमा नियुक्त हुन नेपालको अन्तरिम संविधानको धारा ३८ ले योग्यता निर्धारण गरेको अवस्थामा आफूउपर कुनै आरोप लगाई जाहेरी दर्खास्त परेको अवस्थामा सार्वजनिक पद धारण गर्न र सो सार्वजनिक पदमा कार्यरत् रहिरहन नैतिकता, सदाचार, सरकारी संयन्त्रप्रति विश्वसनीयता कायम राख्न र मानवअधिकारसम्बन्धी विश्वव्यापी मान्यताको दृष्टिकोणबाट उपयुक्त हुने वा नहुने भन्ने सो पदमा नियुक्त भएको व्यक्ति स्वयंको विवेकबाट निर्देशित हुने विषय भएको र नेपालको प्रचलित कानूनले स्पष्टतया निषेध गरेकोमा बाहेक जाहेरी दर्खास्तमा नाम समावेश भएको मात्र आधारमा अनुसन्धानले पूर्णता प्राप्त गरी नसक्दै अदालतबाट सो सार्वजनिक पद अनुसारको काम काज गर्न निषेध गर्नु कानूनसंगत हुने देखिँदैन ।

जहाँसम्म मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानून, मूल्य र मान्यताको आधारमा आरोप लागेको व्यक्ति सार्वजनिक पद धारण गर्न नहुने प्रचलन रहेको भन्ने निवेदकहरूको जिकीर छ सो सम्बन्धमा विचार गर्दा माथि विवेचना गरिए बमोजिम जाहेरी दरखास्तमा नाम समावेश भएको तथ्यमात्रले अभियोगको घोषणा भएको संम्झन नमिल्ने र अनुसन्धानपश्चात् संकलित प्रमाणको आधारमा अभियोग पत्र दायर भएपश्चात् मात्र त्यस्तो अयोग्यता सिर्जना हुन सक्ने भन्ने अन्तर्राष्ट्रिय कानूनको मान्यता रहेको पाइन्छ । अभियोग पत्र दायर नभएसम्म कसैलाई कुनै सार्वजनिक पद धारण गर्न अयोग्यता सिर्जना हुने भनी सम्झन नमिल्ने अवस्थामा यी प्रत्यर्थी अग्नि सापकोटाउपर प्रमाण संकलन गरी अभियोगपत्र दायर हुने वा नहुने भन्ने अवस्था बांकी नै रहेकोले अपरिपक्व अवस्थामा तथा प्रत्यर्थीको काम कारवाहीबाट निवेदकलाई वा अन्य कसैलाई अपूरणीय क्षति वा सुविधा सन्तुलनको दृष्टिबाट बढी मर्का पर्न जाने अवस्था समेत विद्यमान रहेको देखिन नआएकोले निज प्रत्यर्थीलाई सो मन्त्री पदको काम काज गर्नबाट

रोक लगाउने गरी अन्तरिम आदेश जारी गर्न उपयुक्त नहुने देखिँदा निवेदकहरूको मागबमोजिम अन्तरिम आदेश जारी गर्न मिलेन । तर, कानूनको शासनको सर्वोपरिता, मानव अधिकारको आधारभूत मूल्य र मान्यता, दण्डहीनता र पीडितप्रतिको न्यायको अवधारणाप्रति अदालत उदासीन रहन नसक्ने भएकोले पूर्णिमाया लामाको जाहेरी दरखास्तबाट दर्ता भएको कर्तव्य ज्यान मुद्दामा प्रचलित कानूनबमोजिम अनुसन्धान जारी राखी यो रिट निवेदनको अन्तिम टुंगो नलागेसम्म प्रत्येक १५ दिनमा अनुसन्धान गर्दा कुनै प्रभाव, दवाव र असहयोग भएमा सो समेतको विवरण महान्यायाधिवक्ताको कार्यालय मार्फत यस अदालतमा प्रस्तुत गर्नु भनी प्रत्यर्थी जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोक समेतका विपक्षीहरूका नाममा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ (१) बमोजिम यो आवश्यक र उपयुक्त आदेश जारी गरिएको छ । यो रिट निवेदनलाई पेशीमा अग्राधिकार दिई नियमानुसार गर्नू ।

न्यायाधीश                    न्यायाधीश

इति संवत् २०६८ साल असार ७ गते रोज ३ शुभम् ............................।